कचनकवल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बनियानी, झापा
कोशी प्रदेश, नेपाल

## आन्तरिक ठेक्का बन्दबस्ती सम्बन्धी दरभाउपत्र आव्हानको सूचना

**प्रथम पटक प्रकाशन मिति :२०८०।०३।१३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को २ घ, ५९, ६१, ६२ र यस गाउँ कार्यपालिकाको मिति २०८०।०३।०६ गतेको निर्णयानुसार गाउँपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व. २०८०।८१ को असाढ मसान्तसम्मका लागि ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले ईच्छुक व्यक्ति फर्म वा कम्पनिले तोकिएको निम्न शर्तहरुको अधिनमा रहि तपसिलमा उल्लेखित समय, मिति र स्थानमा गोप्य शिलबन्दी दरभाउपत्र दाखिला गर्न यो सूचना प्रकासित गरिएको व्यहोरा सम्बन्धीत सबैलाई जानकारीको लागि अनुरोध छ ।

तपशिल:-

| ठेक्का नं. | विवरण | न्यूनतम ठेक्का अंक रु. (बार्षिक मु.अ.क. बाहेक) | दरभाउपत्र फारम दस्तुर | दरभाउपत्र फारम खरिद अन्तिम मिति | दरभाउपत्र फारम दाखिला गर्ने अन्तिम मिति र समय | दरभाउपत्र फारम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|
| १ | दैनिक हाट बजार ठेक्का (बनियानी, पाठामारी, केचना, बालुवाडी,पथरीया घेरावारी अन्तर्गतका स्थानीय बजारहरुमा ) | १११३,०००।- | १,०००।- | २०८०।०३।२७ गते कार्यालय समय सम्म | २०८०।०३।२८ गते दिनको १२:०० बजे सम्म | २०७९।०३।२९ गते दिनको २:०० बजे देखि |

**शर्तहरु:-**

१. ईच्छुक दरभाउपत्र दाताले नागरिकताको प्रमाणपत्र, संस्थाको हकमा भ्याट दर्ता प्रमाणपत्र र गत आ.व. को करचुक्ता प्रमाणपत्र पेश गरि कार्यालयबाट बोल पत्र/शिलबन्दी दरभाउपत्र फारम खरिद गर्नुपर्नेछ ।

२. दरभाउपत्र फारममा दाताले उल्लेखित कबोल ठेक्का अंकको ५ प्रतिशत धरौटी रकम यस कार्यालयको NIC ASIA BANK कचनकवल शाखाको धरौटी खाता नं. 67CA051019752404 मा नगदै जम्मा गरेको सक्कलै भौचर दरभाउपत्रका साथ संलग्न राखि पेश गर्नुपर्नेछ । बैंक ग्यारेन्टीलाई मान्यता दिइने छैन । धरौटी रकम प्रत्येक ठेक्काको लागि छुट्टाछुट्टै समावेश गर्नुपर्नेछ ।

३. ईच्छुक फर्म वा कम्पनिले दरभाउपत्र फारम खरिद गर्दा अध्यावधिक फर्म नविकरणको प्रतिलिपी, मु.अ. कर दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपी साथै लिखित निवेदन दिई तोकिएको समय भित्र खरिद गर्न सकिनेछ ।

४. दरभाउपत्र फारम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षर दुवैमा प्रष्ट हुने गरि उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा लेखेको रकम फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

५. ठेक्का सम्बन्धमा कुनै किसीमको विवाद भए गाउँपालिकाको निर्णय नै अन्तिम हुनेछ ।

६. गाउँपालिकालाई रकम बुझाउनुपर्ने बाँकी बक्यौता भएमा त्यस्तो रकम नबुझाएसम्म दरभाउपत्र खरिद गर्न पाइने छैन ।

७. ठेक्काको अवधी वि.स. २०८१ सालको असाढ मासन्तसम्मको रहनेछ ।

८. ठेक्का स्वीकृति गर्ने/नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।

९. शर्त राखि पेश गरेको, रित नपुगेको र म्याद नाघि आएको शिलबन्दी दरभाउपत्र प्रति कार्वाही हुने छैन ।

१०. एउटा व्यक्ति वा फर्मलाई एउटा ठेक्काको लागि एउटा मात्र फर्म खरिद गर्न दिइनेछ । जसको नाममा फारम खरिद गरिएको हो सोही व्यक्ति वा आधिकारीक प्रतिनिधी स्वयं उपस्थित भई पेश गर्नुपर्नेछ ।

११. दरभाउपत्र फारम खरिद, दाखिला र खोलिने अन्तीम मितिमा सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट खोलिनेछ ।

१२. अन्य शर्तहरु:-

- दैनिक हाटबजार सेवा शुल्क सम्बन्धमा :- यस गाउँपालिका क्षेत्रका सम्पुर्ण हाटबजार लाग्ने क्षेत्रहरु ।
- ठेकदारले कवोल गरेको ठेक्का रकम अनिवार्य अग्रीम एकमुष्ठ बुझाउनु पर्नेछ । शुरुमा एकमुष्ठ रकम भुक्तानी गरेमा जम्मा ठेक्का रकमको १० प्रतिशत रकम छुट दिईनेछ ।
- आफै उत्पादन गरी ढाकी, टोकरीमा बोकी विकि गर्न ल्याउने सामान्य किसानहरुसँग शुल्क लिन पाइने छैन ।
- उठाउन पाउने दररेट यस गाउँपालिकाको आर्थिक ऐन २०८० बमोजिम हुनेछ ।

०८०।०३।१२

प्रमुख प्रशासकीय अधिकृत
हिरा कुमारी याद
प्रमुख प्रशासकीय अधि